# नेपालगंज उप-महा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

☎०८१-५२०१५१
☎०८१-५२०३१६
☎०८१-५२०३३८
०८१-५२५१०९
नेपालगंज, बाँके
५ नं . प्रदेश, नेपाल


पत्र संख्या : २०७६/७७
चलानी नं : ५४५८

मिति : २०७७।०२।२१

विषय : समपुरक र बिषेश अनुदान सम्बन्धमा।

श्री राष्ट्रिय योजना आयोग,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत बिषयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ तथा समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधी, २०७५ मा रहेका ब्यवस्थाहरु तथा तँहा आयोगबाट मिति २०७६।०९।०२ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम तोकिएका क्षेत्रहरुमा यस उपमहानगरपालिका आफैले गर्न नसक्ने क्षेत्रका योजनाहरुका लागि समपुरक अनुदान र विशेष अनुदान www.msgrants.gov.np मा प्रवृष्टी गरि माग गरिएको योजना सहितको पत्र यसैसाथ संलग्न छ । बिधि, प्रकृया, कानुन तथा आवश्यकताका आधारमा माग गरिएका कुनै पनि योजना आर्थिक बर्ष २०७७/०७८ को बजेटमा समाबेश नगरिएकाले यस उपमहानगरपालिकाको गम्भिर ध्यानआकर्षण भएको छ ।

संघियताको शुरुवाती चरणमा रहेका स्थानिय तहहरुका लागि बिशेष तथा समपुरक अनुदानले संघियतालाई मजवुद बनाउन तथा बित्तिय संघियताको अवस्था चित्रित गर्न सहयोग गरेको हुन्छ । यसरी उपमहानगरपालिकाबाट माग गरिएका समपुरक तथा बिशेष अनुदानका कुनै पनि योजना बजेटमा समाबेश नगरिनुले यस उपमहानगरपालिका स्तब्ध रहेको छ । राष्टिय योजना आयोग जस्ता अंगहरुबाट समेत स्थानिय तहहरुको लागि समपुक अनुदान तथा बिशेष अनुदान छनौट गर्दा स्पष्ठ आधार तथा योजनाहरुको प्राथमिकिकरण बिना नै छनौट गरिदा यस उपमहानगरपालिकालाई बिशेष र समपुरक अनुदानमा कुनै पनि रकम बिनियोजन नगरिएकाले यस उपमहानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७७।०२।१८ को बैठकले ध्यानाकर्षण गराउने निर्णय पारित गरिएको छ । आगामि बर्षहरुमा योजनाहरुको प्राथमिकिकरण गरि यस उपमहानगरपालिका लाई समपुरक र बिशेष अनुदान प्रदान गर्नहुन समेत अनुरोध गरिन्छ ।

डा.धबल शम्सेर राणा
नगर प्रमुख

डा. धवल शम्सेर राणा
नगर प्रमुख

बोधार्थ :
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

टोलफ्री नं.: ०६६०८१५२०५२
फ्याक्स नं.: ०८१-५२०२४०
ईमेल :nepalgunjmun@gmail

# नेपालगंज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
५ नं.प्रदेश, नेपाल

प.सं. ०७६।०७७/(योजना शाखा)
च.नं. २८५९

मिति :२०७६।०९।२८

विषय : समपुरक र विशेष अनुदानका लागि योजना पठाईएको ।

श्री राष्ट्रिय योजना आयोग ,
सिहंदरवार ,काठमाडौं

प्रस्तुत विषयमा तँहा आयोगको मिति २०७६।०९।०२गते प्रकाशित सुचना बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०७५र संशोधन कार्यविधी,२०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधी ,२०७५ र संशोधन सम्बन्धी कार्यविधी २०७६ मा भएको व्यवस्था बमोजिम यस उप-महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७६।०९।२५ गतेको निर्णयानुसार तपसिल बमोजिमका योजनाहरु तँहा आयोगबाट उपलब्ध गराईएको व्यहोरा अनुरोध छ ।

तपसिल :
समपुरक अनुदान

| क.स | मुलभूत क्षेत्र | कार्यविधि बमोजिमको क्षेत्र | प्रस्तावित आयोजना कार्यक्रमको नाम | लागत अनुमान | | |
|---|---|---|---|---|---|---|
| | | | | संघिय सरकार | आन्तरिक श्रोत | कुल लागत |
| १ | सुशासन तथा अन्य | वडा कार्यालय भवन | दुई तले वडा कार्यालय भवन १३ वटा | ६,५०,००,०००। | ६,५०,००,०००। | १३,००,००,०००। |
| २ | आर्थिक | पर्यटन पूर्वाधार | कान्तीताल सुधार कार्यक्रम कमागत | ३,५०,००,०००। | ३,५०,०००००। | ७,००,००,०० |
| ३ | सामाजिक | शैक्षिक पूर्वाधार | वडानं.२०मा कृषिक्याम्पसको भवन निर्माण | २,५०,००,०००। | २,५०,००,००० | ५,००,०००० |

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

टोलफ्री नं.: ०६६०८१५२०५२
फ्याक्स नं.: ०८१-५२०२४०
ईमेल :nepalgunjmun@gmailcom

# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके
५ नं.प्रदेश, नेपाल

विषेश अनुदान

| क.स | मुलभूत क्षेत्र | कार्यविधि बमोजिमको क्षेत्र | प्रस्तावित आयोजना कार्यक्रमको नाम | प्रस्तावित बजेट |
|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | फोहरमैला व्यवस्थापन कार्यक्रम | स्वास्थ्यजन्य फोहर व्यवस्थापन( HEALTH CAREWASTE MANAGEMENT ) | ९,००,००,०० |
| २ | शिक्षा | विशेष शैक्षिक कार्यक्रम | शैक्षिक गुणस्तर विकास तथा मधेशी मुश्लिम महिला विद्यालयका लागी शैक्षिक सहायता सम्बन्धी कार्यकम | १००००००० |
| ३ | महिला विकास कार्यकम | लक्षितवर्गको कार्यकम | मधेशी मुश्लिम र लोपन्मुख समुदायका लागि क्षमता विकास सम्बन्धी कार्यकम | १,००,००,०००। |
| ४ | समावेशीकरण तथा मुलप्रवाहीकरण | लक्षितवर्गको कार्यकम | विपन्न बर्गको लागि आय आर्जन | ५,५७,४०,०००। |
| ५ | तहगत सन्तुलन | सन्तुलित मानविय विकास | मधेशी मुश्लिम र लोपन्मुख समुदायका लागि आयआर्जन सम्बन्धी कार्यकम | ३,००,००,०००। |
| ६ | समावेशीकरण तथा मुलप्रवाहीकरण | लक्षितवर्गको कार्यकम( सपिङ कम्पलेक्स सब्भी मन्डी) | विपन्न बर्गको लागि आय आर्जन | ५,००,००,०००। |

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत